नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग

प्रेस विज्ञप्ति

# कन्सुलर प्रमाणीकरण अनलाइन आवेदन प्रणाली Nepal e-Attestation System (NEATS) को औपचारिक शुभारम्भ सम्बन्धमा।

परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभागद्वारा तयार गरिएको Nepal e-Attestation System (NEATS) को माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनालज्यूले आज परराष्ट्र मन्त्रालय, सिंहदरबारमा आयोजित एक कार्यक्रममा औपचारिक शुभारम्भ गर्नुभयो।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनालज्यूले कन्सुलर सेवालाई थप सरल, सहज, पारदर्शी तथा सेवाग्राहीमैत्री बनाउन डिजिटल प्रविधिको प्रयोग अपरिहार्य रहेको उल्लेख गर्नुका साथै कन्सुलर सेवालाई आधुनिकीकरण गरी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने परराष्ट्र मन्त्रालयको नीति अनुरूप Nepal e-Attestation System (NEATS) को सुरूवात गरिएको बताउनुभयो। साथै, उहाँले प्रस्तुत प्रणालीले परराष्ट्र मन्त्रालयको समग्र सेवाप्रवाहलाई उदाहरणीय बनाउन सहयोग गर्ने आशा व्यक्त गर्नुभयो।

परराष्ट्र सचिव श्री अमृत बहादुर राईज्यूको समुपस्थितिमा भएको शुभारम्भ कार्यक्रममा स्वागत मन्तव्य राख्दै कन्सुलर सेवा विभागका महानिर्देशक श्री दुरपदा सापकोटाले विभागले कन्सुलर सेवाको आधुनिकीकरण तथा डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राखी NEATS को विकास गरिएको जानकारी गराउनुभयो। उहाँले यस प्रणालीले सेवाग्राहीहरुलाई प्रमाणीकरण सम्बन्धी यथार्थ जानकारी प्रदान गर्नुका साथै सेवा प्रवाह छरितो, पारदर्शी तथा अनुमानयोग्य बनाउने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा विभागको तर्फबाट NEATS का विशेषता तथा प्रयोग गर्ने प्रक्रिया सम्बन्धी जानकारी- मुलक प्रस्तुतीकरण समेत गरिएको थियो। यस प्रणाली मार्फत सेवाग्राहीले आफूलाई सहज हुने स्थानबाट कन्सुलर कागजात प्रमाणीकरणका लागि अनलाइन आवेदन दिन, आवेदनको प्रगति अवस्था (Status) को जानकारी लिन, विद्युतीय माध्यमबाट नै राजस्व भुक्तानी गर्न तथा विभागमा उपस्थित हुनुअघि नै आफ्नो सुविधाअनुसार मिति र समय छनौट गरी अपोइन्टमेन्ट लिन सकिने व्यवस्था गरिएको छ। विभागबाट पछिल्लो आर्थिक वर्षमा ८ लाख ४९ हजार २ सय ८ थान कागजातहरु प्रमाणीकरण गरिएको सन्दर्भमा प्रस्तुत अनलाइन प्रणाली लागू भएपश्चात सेवाग्राहीको समय तथा लागत बचत हुनुका साथै कागजात अपुग वा त्रुटिपूर्ण भएमा दोहोर्‍याएर आउनुपर्ने अवस्थाको अन्त्य हुनेछ।

उक्त कार्यक्रममा परराष्ट्र मन्त्रालय तथा विभागका कर्मचारीहरू एवं सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

कन्सुलर सेवा विभाग
त्रिपुरेश्वर, काठमाडौं।

२०८३।०४।२१